# प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्
## सानोठिमी, भक्तपुर
## स्तर निर्धारण महाशाखाको

**शैक्षिक सत्र २०७६/०७७ को लागि डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रम नविकरण गर्ने बारेको सूचना**

प्रथम पटक प्रकाशित २०७६/०२/१३

यस परिषद्बाट सम्बन्धन/स्वीकृति लिई संचालनमा रहेका डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरु संचालन गरिरहेका संस्थाहरुले सम्बन्धन/स्वीकृति पाएको मितिले दुई वर्ष पछि प्रत्येक वर्ष कार्यक्रम नविकरण गर्नु पर्ने व्यवस्था भए बमोजिम शैक्षिक शत्र २०७६/०७७ का लागि कार्यक्रम नविकरण गराउन तपशिलमा उल्लेख भएबमोजिमको शर्त अनुसार नविकरण शुल्क, TMIS शुल्क र अन्य आवश्यक कागजातहरु सहित मिति २०७६।०२।१३ गते देखि २०७६।०३।१० गते सम्म नियमित शुल्क र मिति २०७६।०३।११ गते देखि २०७६।०३।१७ गते सम्म दोव्वर शुल्क सहित कार्यक्रम नविरकणका लागि निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नबिकरण गर्न आउंदा अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु::-**

(क) कम्पनी रजिष्ट्रार कार्यालय वा संस्था दर्ता भएको कार्यालयबाट आर्थिक वर्ष २०७५/०७६ को संस्था नविकरण /अध्यावधिक गरेको पत्र पेश गर्नुपर्ने छ ।

(ख) संस्थाको शेयर धनि सञ्चालक समितिको सदस्यहरु सहितको विवरण खुल्ने प्रवन्धपत्र, नियमावली लगायतका कम्पनी रजिष्ट्रार कार्यालयका कागजातहरु ।

(ग) आ.व. २०७४/०७५ सम्मको करचुक्ता प्रमाणपत्र वा कर दाखिलाको प्रमाण पेश गर्नु पर्ने छ ।

(घ) अस्पताल प्रयोग गर्नुपर्नेमा प्रयोगात्मक अभ्यासको लागि प्रयोग गरिएको अस्पतालको बेड सख्या विवरण सहितको स्वीकृति र अस्पताल सम्बन्धित कार्यालयबाट नविकरण गरिएको पत्र समावेश गर्नु पर्नेछ ।

(ङ) गत शैक्षिक सत्र २०७५/०७६ मा नबिकरण गराएको सक्कल नबिकरण कार्ड र सो को प्रतिलिपि ।

(च) संस्थाको ठाउंसारी, नामसारी, कार्यक्रम समायोजन तथा स्वामित्व हस्तान्तरण भएकोमा सो पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(छ) प्रयोगात्मक अभ्यासका लागि सस्था सम्वन्धन लिदां र हाल प्रयोग गरिरहेको अस्पतालको विवरण पेश गर्नु पर्नेछ । साथै सरकारी अस्पतालसंग संझौता गरेका संस्थाहरुको हकमा परिषदले तोकेको मापदण्ड बमोजिम प्राथमिकीकरण सहितको पत्र पेश गर्नु पर्ने छ ।

(ज) परिषद्बाट सम्बन्धन प्राप्त गर्दाको सम्बन्धन स्वीकृतिपत्र / थप कार्यक्रम / नामसारी समेतको स्वीकृति पत्रको प्रतिलिपि समावेश गर्नु पर्नेछ ।

(झ) माथि उल्लेखित प्रमाण, कागजात सहित प्राप्त निवेदनहरु उपर जांचबुझ गरी परिषद् कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी, भक्तपुरको खाता च.हि.न १७३००००००९०६ मा तोकिएको रकम जम्मा गरी कार्यक्रम नविकरण गर्नु पर्ने छ । प्राविधिक महाशाखाबाट प्राप्त अनुगमन तथा मूल्यांकन प्रतिवेदन समेत लाई आधार मानी भर्नाको लागि परीक्षा नियन्त्रण कार्यालयमा सिफारिस गरिने छ ।

| क्र.सं. | कार्यक्रम | नविकरण शुल्क |
|---|---|---|
| १ | TMIS शुल्क ( प्रति सस्था) | रु. २०००।- |
| २ | प्रमाणपत्र/डिप्लोमा तह | रु. ३०,०००।- र प्रति थप कार्यक्रम रु १०,०००।- |

**<u>पुनश्चः</u>** परिषद् सूचना तथा अनुसन्धान महाशाखाको TMIS ईकाइमा आवश्यक तथ्यांकहरु उपलव्ध गराए पश्चात नबिकरणको प्रक्रिया सुरुहुने व्यहोरा समेत जानकारी गराइन्छ । थप जानकारीको लागि परिषद कार्यालयको वेव साइड www.ctevt.org.np मा हेर्नुहुन अथवा परिषद कार्यालयको न. ०१ ६६३०४०८ मा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ ।

निर्देशक